


वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दु:खभाग्जन: ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण




| वर्ष १२१ | अङ्क १७० | २०७८ साल कात्तिक १० गते बुधबार | कार्तिक कृष्ण सप्तमी | नेपाल संवत् ११४१ कौलागा: ७ | 2021 October 27 Wednesday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## प्रधानमन्त्री कात्तिक १२ मा कोप सम्मेलनमा जानुहुने



■ गोरखापत्र समाचारदाता

काठमाडौँ, कात्तिक ९ गते । प्रधानमन्त्री शेरबहादुर देउवा यही कात्तिक १२ गते जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप–२६) मा भाग लिन स्कटल्यान्ड प्रस्थान गर्नुहुने भएको छ ।

सम्मेलनको अवसरमा कात्तिक १४ र १५ (नोभेम्बर १ र २) गते आयोजना हुने वर्ल्ड लिडर समिटमा प्रधानमन्त्री देउवाले नेपालको नेतृत्व गर्दै सम्बोधन गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ । मन्त्रालयका शिष्टाचार महापाल डा. दुर्गाबहादुर सुवेदीले दिनुभएको जानकारीअनुसार प्रधानमन्त्री देउवा कात्तिक १२ गते बिहान कतार एयरको उडानबाट स्कटल्यान्ड प्रस्थान गर्नुहुने कार्यक्रम रहेको छ ।

अक्टोबर ३१ देखि १२ नोभेम्बरसम्म स्कटल्यान्डको ग्लास्गो सहरमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन चल्नेछ । सम्मेलनमा भाग लिएपछि उहाँ कात्तिक १८ गते कतार एयरकै उडानबाट स्वदेश फर्कनुहुने कार्यक्रम रहेको छ ।

एक साता लामो भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले नेपालको तर्फबाट सम्मेलनमा आफ्ना मुद्दाहरू प्रस्तुत गर्नुहुनेछ । साथै भ्रमणका क्रममा विभिन्न मित्रराष्ट्र मुलुकका समकक्षी तथा उच्चाधिकारीसँग भेटवार्ता समेत गर्नुहुनेछ ।



चार हजार दुई सय मिटर उचाइमा अवस्थित ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ स्थित मौवाटारका किसान याकलाई चरन क्षेत्रतर्फ लैजाँदै । तस्बिर : रासस

# ‘असमान व्यवहार नगरौँ’

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, कात्तिक ९ गते । गृहमन्त्री बालकृष्ण खाणले चाडपर्व मनाउने क्रममा कसैप्रति विभेद र असमान व्यवहार नगर्न आग्रह गर्नुभएको छ ।

स्थानीय तहका दलित जनप्रतिनिधिहरूसँग मङ्गलबार मन्त्रालयमा भेटघाट गर्दै उहाँले भन्नुभयो, “जातीय विभेद गर्न पाइँदैन भन्ने संविधानको व्यवस्था पालना गर्न सरकार प्रतिबद्ध छ ।”

सरकारको पहिलो दायित्व नागरिकको जीवनरक्षा रहेको चर्चा गर्दै मन्त्री खाणले भन्नुभयो, “जातीय विभेद सम्बन्धमा संविधानमा रहेको व्यवस्था व्यवहारमा पालना गर्न गराउन दलित अधिकार सुनिश्चितताका लागि ‘हेल्प डेस्क’ स्थापना गर्न मातहतका निकायलाई निर्देशन भएको छ ।” आइतबार सम्पन्न ‘दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका’ विषयक राष्ट्रिय सम्मेलनले जारी गरेको १५ बुँदे काठमाडौँ घोषणापत्र

**जातीय विभेद गर्न पाइँदैन भन्ने संविधानको व्यवस्था पालना गर्न सरकार प्रतिबद्ध छ ।**

मन्त्री खाणलाई बुझाइएको छ । उहाँले दलित सम्मेलनले उठाएका महत्त्वपूर्ण विषय सरकारले सम्बोधन गर्दै जाने बताउनुभयो । मन्त्री खाणले भन्नुभयो, “मानसिकतामा रहेको जातीय विभेदलाई हाम्रै पालामा अन्त्य गर्न सकियो भने ठूलो कुरा हुनेछ, त्यसका लागि सबै लाग्नुपर्छ, जातीय, धार्मिक र सांस्कृतिक रूपमा सबै समान रहेका छौँ ।” सो अवसरमा मन्त्री खाणले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा पाँच वर्षदेखि राखिएको अजित मिजारको दाहसंस्कार गर्न गृह मन्त्रालयले राहत उपलब्ध गराउने जानकारी दिनुभयो ।

काभ्रेका अजित मिजारले २०७३ असार २५ गते अन्तरजातीय विवाह गरेका थिए । तीन दिनपछि परिवारको सम्पर्कमा नरहेका अजितको शव असार ३० गते धादिङको फुर्केखोला परेवाटारको प्रतीक्षालयमा भेटिएको थियो । गृहसचिव टेकनारायण पाण्डेले दलित र गरिब भएका कारण राज्यबाट पाउने सेवा सुविधा पाउन कोही वञ्चित नहुने बताउनुभयो ।

कांग्रेसको १४औँ महाधिवेशन

# मङ्सिरभित्रै सम्पन्न गर्न निर्देशन

**बाँकी रहेका जिल्लामा छठपछि निर्वाचन सम्पन्न गरिसक्ने गरी कार्यतालिका निर्माण गरिने ।**

■ लक्ष्मीप्रसाद उपाध्याय

काठमाडौँ, कात्तिक ९ गते । प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले आउँदो मङ्सिरभित्र महाधिवेशन सम्पन्न गर्ने गरी कार्यतालिका बनाउन पार्टीको निर्वाचन समितिलाई निर्देशन दिनुभएको छ ।

सिंहदरबारस्थित काँग्रेस संसदीय दलको कार्यालयमा मङ्गलबार बसेको शीर्ष नेता र निर्वाचन समितिको बैठकमा पार्टी सभापति देउवाले उक्त निर्देशन दिनुभएको हो । बैठकपछि पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलले सञ्चारकर्मीहरूसँग भन्नुभयो, “बैठकमा पार्टी सभापतिले मङ्सिरभित्र महाधिवेशन सक्नेगरी कार्यतालिका निर्माण गर्ने बताउनुभयो । त्यो कुरामा सबैको सहमति नै छ । महाधिवेशन कार्यतालिकालगायतका केही अरू विषयको व्यवस्थापन गर्न केन्द्रीय समितिको बैठक बसेर टुङ्ग्याउने गरी छलफल भएको छ ।” पार्टीका उपसभापति विमलेन्द्र निधिले भन्नुभयो, “निर्वाचन समितिले पार्टीको नेतृत्वसँग बसेर निर्वाचन तालिकाका बारेमा छलफल गर्न खोजिरहेको थियो । सोहीअनुरूप छलफल भएको छ ।”

उहाँले बाँकी रहेका जिल्लामा छठपछि निर्वाचन सम्पन्न गरिसक्ने गरी कार्यतालिका निर्माण गर्न पार्टी सभापतिले निर्देशन दिनुभएको जानकारी दिनुभयो । उपसभापति निधिले थप्नुभयो, “यो विषयमा सबै सहमति जनाएका छन्, यो अवधिमा रौतहट र रसुवा जिल्लाको क्रियाशील सदस्यता सूची प्रकाशन गरिसक्ने विषयमा समेत छलफल भएको छ ।” पार्टीका सहमहामन्त्री डा. प्रकाशशरण महतले भन्नुभयो, “पार्टीका पदाधिकारी र निर्वाचन समितिबीच महाधिवेशनका विषयमा बसेर छलफल गर्नुपर्ने आवश्यकता थियो । (बाँकी पृष्ठ २ मा)

## न्यायालयको विवादप्रति चिन्ता

नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले न्यायालयका बारेमा पार्टी चिन्तित भएको बताउनुभयो । उहाँले भन्नुभयो, “प्रधानन्यायाधीशका बारेमा हामीलाई चिन्ता छ, न्यायालयमा जुन किसिमका असहज परिस्थिति बनिरहेको छ, त्यसका बारेमा ज्यादै कमेन्ट त हामी गर्दैनौँ तर पनि यो चिन्ताजनक कुरा हो ।”

यस्तै पार्टीका सहमहामन्त्री डा. प्रकाशशरण महतले भन्नुभयो, “तीनवटा महत्त्वपूर्ण अङ्ग छन् । सबैको अधिकार संविधानले निर्दिष्ट गरेको छ । जुन अङ्गमा समस्या आउँछ त्यहीँ समाधान खोजिन्छन् । हाम्रो स्वतन्त्र न्यायपालिका हो । त्यहाँ समस्या आएका छन् भने त्यहीँबाट समाधान खोजिनुपर्छ । जुन निकायमा समस्या आउँछन् त्यहाँबाटै समाधान खोज्दा राम्रो हुन जान्छ ।”

■ प्रधानन्यायाधीशको जवाफ

# ‘विधिसम्मत रूपमा मात्र बाहिरिन्छु’

■ नारायण काफ्ले

काठमाडौँ, कात्तिक ९ गते । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले संवैधानिक दायित्व कायम रहेकाले आफू विधिसम्मत रूपमा मात्र न्यायालयबाट बाहिरिने बताउनुभएको छ । प्रधानन्यायाधीश जबराका विषयलाई लिएर पछिल्ला दिनमा असन्तुष्ट रहेका सर्वोच्चका न्यायाधीशहरूसँगको भेटमा जबराले विधिसम्मत रूपमा नै आफू बाहिरिन तयार रहेको बताउनुभएको हो ।



तर असम्बन्धित क्षेत्रबाट राजीनामा माग भइरहेकाले त्यसमा आफू बाध्य नहुने पनि जवाफ सहकर्मी न्यायाधीशहरूलाई दिनुभएको छ । पछिल्ला दिन न्यायालयको विवादका कारण प्रधानन्यायाधीश र अन्य न्यायाधीशबीच दूरी बढेको छ । विवादका कारण दुई दिनदेखि सर्वोच्चमा मुद्दाको सुनुवाइ भएको छैन । असन्तुष्ट न्यायाधीशले सोमबार गरेको निर्णयअनुसार मङ्गलबार प्रधानन्यायाधीश जबरासँग छलफल गरेका थिए । छलफलमा प्रधानन्यायाधीश जबराले सर्वोच्चका कामकाजबारे आफू मात्र नभई अन्य न्यायाधीशमाथि पनि प्रश्न उठेकाले सबैले राजीनामा दिएमा आफू पनि तयार रहेको बताउनुभएको थियो ।

आन्तरिक विवादका कारण मङ्गलबार पनि सर्वोच्चमा मुद्दाको सुनुवाइ प्रभावित भएको छ । यसअघि सोमबार पनि सुनुवाइ प्रभावित भएको थियो । असन्तुष्ट न्यायाधीशहरूको बैठक बुधबार पनि निरन्तर हुने भएकाले सुनुवाइ प्रभावित नै हुने देखिएको छ ।

नेपाल बार एसोसिएसनले प्रधानन्यायाधीश जबराको राजीनामा माग गरेको छ । मङ्गलबार सल्लाहकारसहित बसेको बैठकपछि बारले तत्काल राजीनामा माग गरेको हो ।

# ‘न्याय प्रणाली पारदर्शी हुनुपर्छ’

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, कात्तिक ९ गते । नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले न्याय प्रणाली स्वच्छ र पारदर्शी हुनुपर्ने बताउनुभएको छ ।

उहाँले अदालतलाई विवादको थलोका रूपमा नभएर मर्यादित, निर्विवाद र जनताको विश्वासको केन्द्र बनाउन सबैमा आग्रह गर्नुभयो । उहाँले न्यायालयका सम्बन्धमा हालैका विवादप्रति सङ्केत गर्दै भन्नुभयो, “हाम्रो न्यायिक प्रणालीप्रति, न्यायिक संस्थाप्रति, न्याय निरुपणप्रति, आमजनताको आशा, भरोसा विश्वास हुनुपर्दछ ।”

देशका ७५३ वटै पालिकामा मङ्गलबार आयोजित एमाले पालिका अधिवेशनको भर्चुअल माध्यमबाट उद्घाटन गर्दै अध्यक्ष ओलीले सो विचार व्यक्त गर्नुभएको हो । उहाँले जनतालाई मर्का परेका मुद्दाहरू वर्षौंदेखि यथावत् रहेको तर ‘नक्कली अनेक मुद्दाहरू’ खडा गरेर राजनीतिको थलो (बाँकी पृष्ठ २ मा)

राष्ट्रिय जनगणना २०७८ को मूल गणना सुरु हुन **१५ दिन बाँकी**

# शिक्षकको पदपूर्ति छिट्टै

● प्राथमिक तहमा सबैभन्दा बढी १२ हजार शिक्षक पदपूर्ति गरिनेछ ।

■ शेषकान्त पण्डित

काठमाडौँ, कात्तिक ९ गते । शिक्षक सेवा आयोगले १७ हजारभन्दा बढी शिक्षकको नयाँ पदपूर्ति प्रक्रिया छिट्टै अगाडि बढाउने भएको छ । देशभरका सार्वजनिक विद्यालयमा रिक्त रहेका शिक्षकको दरबन्दी प्राप्त भएपछि आयोगले पदपूर्तिको प्रक्रिया छिट्टै अगाडि बढाउने भएको हो ।

आयोगका अध्यक्ष मधुप्रसाद रेग्मीले आफूहरू नयाँ पदपूर्ति प्रक्रियाकै तयारीमा रहेकाले नयाँ विज्ञापन तत्काल खोलिने जानकारी दिनुभयो । उहाँका अनुसार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नयाँ पदपूर्तिका लागि सङ्ख्या प्राप्त भएपछि तयारीको काम भइरहेको छ ।

नयाँ पदपूर्ति प्रक्रियाअन्तर्गत प्राथमिक तहमा सबैभन्दा बढी पदमा नयाँ पदपूर्ति गरिनेछ । जसअनुसार १२ हजार प्राविमा पदपूर्ति गरिनेछ । त्यसैगरी, निम्न माध्यमिक तहमा तीन हजार र माध्यमिक तहमा दुई हजार शिक्षकको पदपूर्ति गरिनेछ ।




विद्यालय तहलाई आधारभूत र माध्यमिक तह भनेर परिभाषित गरिए पनि शिक्षकको नयाँ पदपूर्ति भने पुरानै संरचना प्रावि, निमावि र माविअनुसार नै हुनेछ । प्रावि तहको पदपूर्ति जिल्लागत तथा निमावि र माविको पदपूर्ति प्रदेशगत आधारमा गरिने छ । २०७४/०७५ पछि सार्वजनिक विद्यालयको रिक्त शिक्षक पदमा पदपूर्ति हुन लागेको हो । (बाँकी पृष्ठ २ मा)

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश

हेटौँडा, मकवानपुर

**उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**

विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ महामारीबाट सिथिल भएको कृषि, उद्योग, व्यापार व्यवसाय सम्बन्धित क्षेत्रहरुको पुनरुत्थान गर्ने अभिप्रायले उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ५ (पाँच) वर्ष अवधिका लागि कृषि विकास बैंक मार्फत अधिकतम रु. १० (दश) लाखसम्म र साना किसान विकास लघुवित्तीय संस्था लिमिटेड मार्फत अधिकतम रु ५ (पाँच) लाखसम्म ऋण उपलब्ध गराउन बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/७९ को बजेटबाट २ अर्ब रकम ऋण लगानीका लागि विनियोजन गरेको छ । यो कार्यक्रम कृषि, पशुपंक्षी, मत्स्य क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि गर्नुका साथै रोजगारी सिर्जना गर्ने, वन तथा वातावरण र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने, बेरोजगार युवाहरूलाई रोजगारीमा आबद्ध गर्ने, फोहरमैला व्यवस्थापन गर्ने, महिला तथा दलित समुदायको उद्यमशीलतालाई प्रवर्द्धन गर्ने, उत्पादनशील कार्यक्रमका लागि लगानी प्रवर्द्धन गर्ने, कोरोना भाइरस (कोभिड–१९) बाट प्रभावित कृषि, पर्यटन एवं रोजगारीमूलक घरेलु तथा लघु उद्योग व्यवसायीलाई पुनरुत्थान गर्ने उद्देश्य राखी सञ्चालनमा ल्याइएको छ । बागमती प्रदेश भित्रका सम्पूर्ण आम नागरिक, कृषक तथा नवप्रवर्तक एवं लघु उद्योगी व्यवसायीहरूलाई **सहुलियतपूर्ण ऋण लगानी कार्यक्रममा सहभागी हुन अनुरोध गर्दछौं ।**

**ऋण प्रवाह हुने क्षेत्रहरु :**

● कृषि व्यवसाय ● उद्योग व्यवसाय ● पर्यटन प्रवर्द्धन ● व्यापार व्यवसाय ● वन तथा वातावरण
● महिला तथा दलित समुदाय विकास ● फोहरमैला व्यवस्थापन ।

**आवेदन दिने स्थान :**

- बागमती प्रदेश अन्तर्गतका कृषि विकास बैंक लिमिटेडका शाखा कार्यालयहरू
- बागमती प्रदेश अन्तर्गतका साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

**ब्याजदर :**

- वार्षिक ३ (तीन) प्रतिशत ब्याजदर भन्दा बढी नहुने ।

**थप जानकारी**

प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
बागमती प्रदेश, हेटौंडा, मकवानपुर
हेटौंडा, मकवानपुर । फोन नं. ०५७–५२७५१८ / ५२७५२०
Email: moeap@bagamati.gov.np, Website: www.moeap.bagamati.gov.np

**कृषि विकास बैंक**
बागमती प्रदेश, प्रादेशिक कार्यालय, गौशाला, काठमाडौं
फोन नं. ०१४४७६२८२ र वीरेन्द्रनगर, चितवन सम्पर्क फोन नं. ०५६–४१९१३३

**साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड**
शाखा कार्यालय हेटौंडा, सम्पर्क फोन नं. ०५७–५२५३८८
शाखा कार्यालय गजुरी फोन नं ०१०–४०२०८० र शाखा कार्यालय बनेपा ०११–६६००९५